# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ५ नम्बर प्रदेश, नेपाल

## करार सेवा  सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित  मिति  २०७६/०९/२० गते**

निम्न अनुसारको पदमा यस गाउँपालिका अन्तरगतको गरिव घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम सञ्चालन गर्न गरिव घर परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका,२०७५ वमोजिम यस कार्यालयको लागि सेवा करार नियुक्ति गर्न तपशिल वामोजिमको योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुवाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**क) पदको विविरण**

| क.स. | विज्ञापन नं. | पद | संख्या | सेवाको प्रकृति | कै |
|---|---|---|---|---|---|
| १ | ०४/०७६/०७७ | सुपरिवेक्षक | १ | सेवा करार | |
| २ | ०५/०७६/०७७ | गणक | ४ | सेवा करार | |

**ख) आवस्यक न्युनतम शैक्षिक योग्यता** :

**१. सुपरवेक्षक पदको लागि** : नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तीमा स्नातक वा सो सरह उर्तिण गरेको र कम्प्युटर सम्वन्धी आधारभूत ज्ञान भएको ।

**२. गणक पदको लागि:** नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरह उर्तिण गरेको र कम्प्युटर सम्वन्धी आधारभूत ज्ञान भएको ।

**ग) अन्य योग्यता** : निजामती सेवा ऐन, २०४९ अनुसार सरकारी सेवाको लागि ग्राह्य योग्यता भएको हुनुपर्ने ।
सम्वधित स्थानीय तहको वासिन्दालाई प्राथमिकता दिईने ।

**घ) आवस्यक कागजजात** : दरखास्त फारम पेश गर्दा देहायका कागजात संलग्न गर्नुपर्ने: १. व्यक्तिगत विवरण २. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी ३. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ४. दरखास्त वुझाएको नगदी रसिद । उल्लेखित प्रमाणपत्रको प्रतिलिपी  निवेदक स्वयमले प्रमाणित गरि दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**ङ ) उमेरको हद** : दरखास्त वुझाउने अन्तिम मितिसम्म सुपरिवेक्षक पदको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र गणक पदको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

**च) करार अवधी** : नियुक्ति भएको मितिले ५ महिना सम्म ।

**छ) परीक्षा केन्द्र:**  राजपुर गाउँ कार्यापालिकाको कार्यालय, गंगदी, दाङ ।

**ज) छनौट प्रक्रिया** :  लिखित प्रतियोगात्मक परीक्षा र अन्तवार्ता  ।

**झ) दरखास्त दस्तुर:** सुपरीवेक्षक पदको लागि रु १०००।- र गणक पदको लागि रु ५००।-

**ञ)दरखास्त दिने अन्तिम मिति :** प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र ।

**ट) तलव तथा सुविधा** : उक्त कार्यक्रमको लागि नेपाल सरकारले तोके वमोजिम ।

**ठ) दरखास्त फारम वुझाउने स्थान :**  राजपुर गाउँ कार्यपालिका कार्यालय, गंगदी, दाङ ।

**ड) परीक्षा मिति** : पछि तोकिने छ ।

**ढ) दरखास्त फारम र पाठ्यक्रम** : दरखास्त फारम  तथा पाठ्यक्रम सम्वन्धित पदको लागि लोक सेवा आयोगले तोकेको ढाँचा वमोजिमको  हुनेछ । रीत नपुगी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**द्रष्टव्य:** विस्तृत जानकारीको लागि यस राजपुर गाउँ कार्यपालिकाको कार्यालय, गंगदी, दाङ तथा फोन नं. ९८५७८३५२४०, ९८५७८४२६६६ मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

राजपुर गाउँपालिका, दाङ

eMail : rajpurmun@gmail.com    URL: rajpurmundang.gov.np